प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १५४ ॥ २०८१ असार ३० गते आईतबार (14th Jul 2024 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## एमालेमा मन्त्री बन्न खोज्ने दुई दर्जनबढी



झापा(प्रस) । एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो नेतृत्वको सरकारमा पार्टीको तर्फबाट मन्त्री छान्न बालकोटमा छलफल गरेका छन् । एमालेले लिने ८ मन्त्रालयमा मन्त्री छान्न सचिवालय सदस्यसँग शनिबार छलफल गरेका छन् ।

एमालेबाट मन्त्री हुन चाहने सांसदहरु दुई दर्जन बढी सांसदहरु भएको एक पदाधिकारीले जानकारी दिए । ‘मन्त्री हुन चाहनेहरुको सांसदहरुको संख्या दुई दर्जनभन्दा बढी छ,’ ती पदाधिकारीले भने, ‘त्यसबाट ८ मन्त्री छान्न छलफल भएको छ ।’एमाले पदाधिकारी बैठकले राम्रो परिणाम निकालेर आशा जगाउन सक्ने मन्त्री छान्ने निर्णय गरिसकेकाले त्यहीअनुसार छलफल भइरहेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए । ‘पदाधिकारी तहमा काम गर्न सक्ने सांसदलाई मन्त्री पठाउन छलफल भएको छ,’ उनले भने, ‘सोमबार बिहानसम्म मन्त्रीको टुंगो लाग्छ ।’

उपप्रधान तथा अर्थमन्त्रीमा उपाध्यक्ष विष्णु पौडेलको चर्चा बढी छ । एमालेभित्र अवसर कम पाएका नेतालाई मौका दिनुपर्ने सुझाव अध्यक्ष ओलीलाई सुझाव दिएका छन् । त्यहीअनुसार सचिवद्वय योगेश भट्टराई, पृथ्वीसुब्बा गुरुङको नाम पनि मन्त्रीका लागि चर्चामा छ ।

कामचलाउ प्रधानमन्त्री पुष्पकमल दाहाल सरकारमा कानुनमन्त्री भएका पदम गिरीलाई दोहोऱ्याउने सम्बन्धमा ओली सकारात्मक भएको एक पदाधिकारीले भनाइ छ । ‘पटक-पटक अवसर पाएकालाई सकभर मन्त्री नबनाउन केपीजीलाई सुझाव छ,’ उनको भनाइ छ, ‘मन्त्री हुने आकांक्षीहरु धेरै भएकोले मन्त्री छान्ने जिम्मा केपीजीलाई दिने संभावना छ ।’

मन्त्रीका लागि एमाले नेतृत्वको सरकारमा रहेर परिणाम निकाल्न सक्ने, विगतमा कम अवसर पाएको, भूगोल र समुदायको प्रतिनिधित्व हुने गरी मन्त्री चयन गर्ने आधारभूत मापदण्ड बनाएको छ ।

# झापा गाउँपालिकामा कन्काई नदीको कटान तीव्र

बरतलाल राजवंशी

कुमरखोद ।झापाको मध्यभाग भएर बग्ने कन्काई नदीले झापा गाउँपालिकामा कटान शुरु गरेको छ । पानीको बहाव घटेसँगै नदीले तीव्र रुपमा कटान गरेको हो ।

झापा गाउँपालिका वडा नं. को २ सुँगाबथान गाउँको आसपास क्षेत्रमा अहिले कन्काई नदीले तीव्र रुपमा कटान गरिरहेको छ ।

पहिले कन्काई नदी सुँगाबथान गाउँदेखि पश्चिम उत्तरमा करिव ५०० मिटर टाढा भएर बग्थ्यो भने अहिले नदीको मुख्य वहाव गाउँको सिधै उत्तरतर्फ करिव १०० मिटरनजिकै आइसकेको छ । नदीको मुख्य वहाव गाउँतिर फर्केपछि अहिले गाउँ नै त्रसित बनेको छ । यदि समयमा नै नदीको मुख्य वहावलाई पश्चिम दक्षिण दिशातर्फ नफर्काए ठुलो धनजनको क्षति हुने स्थानीय बासिन्दाहरुको चिन्ता छ । यदि बाढीको समयमा कन्काई नदीको मुख्य वहाव गाउँतिर आईदियो भने सबैभन्दा ठुलो क्षति वडा नं २ को सुँगाबथान, कुवाडी , सडकवाडी , बालुवाटार र वडा नं १ को मिलनवस्ती , सितुमारी , लसुनगंज , सालमारा गाउँलाई हुने र सयौं घरधुरी विस्थापित हुने खतरा देखिएको छ ।



कुवाडीवासी श्यामनारायण शाह गत असार २५ गते कन्काई नदीको बाढी कुवाडी गाउँमा प्रवेश गर्नुको मुख्य दोष सुँगाबथानका गाउँका ३-४ जना व्यक्तिलाई दिन्छन् । उनीहरुले नदीमा तटबन्ध गर्न नदिँदा गाउँमा वाढी प्रवेश गरेको उनको गुनासो छ । ‘यदि उनीहरुले समयमा नदीमा तटबन्ध गर्ने दिएको भए नदीको बाढी गाउँमा प्रवेश गर्ने थिएन’शाह भन्छन् । त्यसैगरी अर्का स्थानीयवासी देवेन्द्र आचार्यको भनाई पनि उस्तै रहेको छ। २०७४ सालमा नेपाली कांग्रेसका जिल्ला सभापति देउकुमार थेवे र क्षेत्रीय सभापति जयनारायण शाहको पहलमा जनताको तटबन्ध गैंडे र झापा गाउँपालिकाको सहयोगमा करिव ९-१० किलोमिटर बाँधको निर्माण भएको थियो । त्यतिवेला सुँगाबथानका केहि मानिसहरुले आफ्नो खेतको जग्गा बिग्रिन्छ भनेर बाँध बनाउन अवरोध गरेका थिए । सुँगाबथानका धरमलाल हेमरम कन्काई नदी गाउँतिर मुख्य धार भएर आउनुको दोष चाँहि पंथापाडाका मुस्लिम समुदायका एक व्यक्तिलाई दिन्छन् । कन्काईको बगर फडानी गरेर मकै रोप्ने क्रममा नदी नजिकैको सम्पूर्ण जग्गा लेभलिङ गर्दा खोला गाउँतिर फर्केको उनको बुझाई छ । उनले अब खोलाको छेउछेउमा कसैलाई पनि जोतखन गर्न नदिने बताए ।

नदीले तीव्र रुपमा कटान शुरु गरेपछि ठाउँ- ठाउँमा बाँसको पाईलिङ गाड्ने काम भइरहेको झापा गाउँपालिका वडा नं २ अध्यक्ष हिमालकुमार चम्लागाईले बताए । चम्लागाईका अनुसार कटान भएको ठाउँमा ६० मिटरभन्दा बढी बाँसको पाईलिङ गाड्ने काम भइसकेको छ । सुँगाबथानको मुख्य धारमा पानीको वहाव कम हुनेबित्तिकै २०० मिटरभन्दा वढी बाँसको पाईलिङ गरिने उनले बताए। जनताको जीउधन बचाउनको लागि तटबन्धलाई निरन्तरता दिन वडा नं २ को कार्यालयबाट १८०० मिटरको लामो तटवन्ध बनाउनका लागि जिल्ला विपद् व्यवस्थापन समिति झापालाई फाइल बुझाइएको वडाध्यक्षले चम्लागाईले जानकारी दिए ।

# बेपत्ता बसका तीन यात्रुको शव फेला

झापा(प्रस) । चितवनको सिमलताल बस दुर्घटनामा बेपत्ता भएकामध्ये २ जना पुरुषको शव फेला परेको छ। गैंडाकोट नगरपालिका-७ गैरीस्थित नारायणी नदीको टापुमा २ जनाको शव फेला परेको हो।

इलाका प्रहरी कार्यालय गैंडाकोटका प्रहरी निरीक्षक हस्तबहादुर सुनारले अन्दाजी २५/३० वर्ष उमेर समूहका २ युवाको शव भेटिएको जानकारी दिए। नदीमा माछा मार्नेक्रममा बोटेहरूरुले शव देखेपछि प्रहरीलाई दिउँसो ३ बजे खबर गरेका थिए।

एक जनाको छातीमा र अर्का युवकको अनुहारमा चोट लागेको,



शव पहिचान गर्नसक्ने अवस्थामै रहेकाले सिमलताल बस दुर्घटनाकै भएको प्रहरीले जनाएको छ। शवलाई पोस्टमार्टमका लागि भरतपुर अस्पताल पठाइएको छ। नारायणी नदी किनारमा भेटिएका दुईमध्ये एक शव शुक्रबार बिहान चितवन सिमलताल पहिरोमा परेर त्रिशुली नदीमा हराइरहेको बसका यात्रुकै भएको पुष्टि भएको छ । दुईमध्ये एक शव काठमाडौंबाट गौर आइरहेको बसका यात्रु १९ वर्षीय रमितकिशोर माझीको भएको उनका बुबाले पुष्टि गरेको चितवन जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

शनिवार बिहानमात्रै भरतपुर महानगरपालिका-२८ गोलाघाटमा बेपत्ता बसका एक यात्रुको शव भेटिएको थियो । सिमलतालको पहिरोमा परेर दुईवटा बस त्रिशूलीमा हराइरहेका छन् । एउटामा २४ र अर्कोमा २७ जना यात्रु रहेको विवरण चितवन जिल्ला प्रशासन कार्यालयले जारी गरेको छ । तीमध्ये तीन यात्रुमात्र सकुशल रहेका छन् । हराइरहेको बसमा रहेका अरू यात्रीमध्ये हालसम्म दुई जनाको शव फेला परेर आफन्तले सनाखत गरेका छन् ।

हराइरहेका बस र यात्रुको खोजी कार्य शनिवार साँझबाट स्थगित भएको र आइतवार बिहान आठ बजेबाट खोजी सुरू हुने प्रमुख जिल्ला अधिकारी यादवले जानकारी दिएका छन् ।

## दुई आधारमा कांग्रेसले मन्त्री छान्ने

झापा(प्रस) । नेपाली कांग्रेसले मन्त्री बन्न दुई आधार तय गर्ने निर्णय गरेको छ। पार्टी कार्यालय सानेपामा शनिबार बसको केन्द्रीय कार्यसम्पादन बैठकले दुई आधारमा मन्त्री चयन गर्ने निर्णय गरेको हो। कांग्रेका प्रवक्ता प्रकाशरण गरेको छ। गत असार १७ गतेको भएको सहमतिअनुरूप कांग्रेस ओली नेतृत्वको सरकारमा सहभागी हुने प्रवक्ता महतको भनाइ छ।

कांग्रेस र एमालेको समर्थनमा अध्यक्ष ओलीले शुक्रबार नै



महतले समावेशिता र प्रादेशिक सन्तुलन कायम हुने गरी मन्त्री चयन गर्ने निर्णय भएको बताए। ‘मन्त्री चयन गर्दा कांग्रेसमा समावेशिता र प्रादेशिक सन्तुलन मिलाउने निर्णय गरेको छ,’ उनले भने।

त्यस्तै बैठकले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागी हुने निर्णय प्रधानमन्त्रीमा दाबी पेस गरेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६(२) बमोजिम सरकार गठनको आह्वान गरेपछि संसदका दुई ठूला दल कांग्रेस र एमालेले शुक्रबार राति साढे ९ बजे राष्ट्रपति कार्यालय पुगेर ओली नेतृत्वको सरकार गठनका लागि दाबी पेस गरेका हुन्।






# झापाका उपप्रमुख र उपाध्यक्षहरुको भेला सम्पन्न

दमक (प्रस) । आठ बुँदे साझा प्रतिबद्धता जारी गर्दै झापाका १५ वटै पालिकाका उपप्रमुख र उपाध्यक्षहरुको एकदिने भेला दमकमा सम्पन्न भएको छ ।

पालिकाको आम्दानी बृद्धिका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने, आम्दानी बृद्धिका लागि पालिकाको करको दायरामा बृद्धि गर्ने तथा भएका ऐन नियम कार्यान्वयन गर्न पहल गर्ने प्रतिवद्धता जनाइएको हो ।

दमक नगरपालिकाका उपप्रमुख तथा सञ्जालका संयोजक रेगिना भट्टराई प्रसाईंको अध्यक्षतामा भएको सञ्जालको बैठकले विभिन्न एजेन्डामा छलफल गर्दै निर्णय गरेको छ । । दमक नगरपालिकाका नगर प्रमुख राम थापाको उपस्थिति रहेको बैठकमा संयोजक संयोजक रेगिना भट्टराई प्रसाईंले आफ्नो कार्यकालमा भए गरेका कार्यको प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा सहभागी उपप्रमुख उपाध्यक्षहरुले आ– आफ्नो पालिकाले गरेका नयाँ कामको बारेमा अनुभव सुनाएका थिए ।



अनुमगन तथा मूल्यांकन ऐन २०८० को व्यवस्थाबारे बुझाइमा एकरुपता ल्याउन तथा आवश्यक ज्ञान सीप हासिल गरी कामलाई प्रभावकारी बनाउन कार्यशाला आयोजना गर्ने, पालिकाहरुबीचको असल अभ्यास आदान प्रदानलाई निरन्तरता दिने, कुनै समस्या आइपरेमा समाधानमा सहजीकरण गर्ने र यसको नेतृत्व र पहल संयोजकले गर्ने निर्णय भएको छ ।

संवाद समूहको सहजीकरणमा भएको बैठकले समन्वय समितको विगतको काम, हरेक पालिकामा भएका काम, भोगेका समस्याहरुको समीक्षा र पालिकाबाट सिकाई र राम्रो कामको अनुभव आदान प्रदान तथा समन्वय समितिको निर्णयहरुलाई आ–आफ्नो पालिकामा कार्यान्वयन गर्ने गराउने निर्णय गरेको छ । उपाध्यक्ष र उपप्रमुखहरुले सहजीकरण गर्ने कार्यहरुलाई पालिकाहरुले सहजरुपमा नियम अनुसार कार्यान्वयन गर्न पहल गर्ने निर्णयसमेत बैठकले गरेको छ । बैठकले झापाका पालिका उपप्रमुख उपाध्यक्षहरुको सञ्जालको आगामी संयोजक गौरीगञ्ज गाउँपालिका उपाध्यक्ष पुजन न्यौपाने कुँवरलाई सर्वसम्मत चयन गरेको छ ।

सञ्जालमा १५ वटै पालिकाका उपप्रमुख तथा उपाध्यक्षहरु सदस्य रहेका छन् । उपप्रमुखहरुमा बिर्तामोड नगरपालिकाका नगेन्द्रप्रसाद संग्रौला, कनकाई नगरपालिकाका आशा शर्मा शिवाकोटी, दमक नगरपालिकाका रेगिना भटट्राई प्रसाईं, भद्रपुर नगरपालिकाका राधा कार्की, गौरादह नगरपालिकाका जलवर्षा राजवंशी, अर्जुनधारा नगरपालिकाका खड्गमाया पराजुली र शिवसताक्षी नगरपालिकाका नरमाया कार्की रहेका छन् ।

त्यस्तै सञ्जालको सदस्य रहेका पालिका उपाध्यक्षहरुमा बुद्धशान्ति गाउँपालिकाका भवानीप्रसाद खतिवडा, कचनकवल गाउँपालिकाका नवराज भट्टराई, झापा गाउँपालिकाका अञ्जु थपलिया, कमल गाउँपालिकाका प्रमिला न्यौपाने, बाह्रदशी गाउँपालिकाका शान्तादेवी शिवाकोटी खरेल र हल्दिवारी गाउँपालिकाका लक्ष्मी मैनाली रहेका छन् ।

बैठकले झापाका उपप्रमुख उपाध्यक्षहरुको समन्वय समितिको आगामी बैठक भदौं मसान्तसम्ममा गर्ने निर्णय गरेको छ । बैठकमा निवर्तमान संयोजक रेगिना भट्टराई प्रसाईंले नयाँ संयोजक पुजन न्यौपाने कुँवरलाई बैठक पुस्तिकासहित जिम्मेवारी प्रदान गरिन् । पालिकाकाबीच सिकाइ आदान प्रदान र आफ्नो जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि टेवा पुऱ्याउने उद्देश्यले उपप्रमुख तथा उपाध्यक्षहरुको सञ्जाल बनाइएको हो । सञ्जालले हरेक दुई महिनामा विभिन्न एजेन्डामा छलफल तथा निर्णय गर्ने जनाइएको छ । सञ्चालको कार्यकाल दुई महिनाको रहने छ । बैठकको सहजीकरण संवाद समूहका एकराज गिरी र अर्जुन राजवंशीले गरेका थिए ।

# क्रेचिकोभा बनिन् नयाँ च्याम्पियन



एजेन्सी । चेक गणतन्त्रकी बारबोरा क्रेचिकोभाले शनिबार विम्बल्डन २०२४ को महिला एकलको उपाधि जितेकी छिन् । उनले तीन सेट चलेको फाइनलमा इटालीकी जेस्मिन पाओलोनीलाई पराजित गरिन् ।

सेन्टर कोर्टमा भएको खेलमा क्रेचिकोभा ६-२, २-६ र ६-४ ले विजयी रहिन् । उनले विम्बल्डनको एकल उपाधि जितेको यो पहिलो पटक हो । उनले तेस्रो म्याच प्वाइन्टमा खेल आफ्नो पक्षमा पारिन् ।

क्रेचिकोभाले ग्रान्ड स्लामको उपाधि जितेको भने यो दोस्रोपल्ट हो । यसअघि उनले सन् २०२१ मा फ्रेन्च ओपनको उपाधि चुमेकी थिइन् । पाओलानी भने आफ्नो दोस्रो ग्रान्ड स्लाम फाइनल खेलेकी थिइन् ।

# ताप्लेजुङ गोल्डकप भदौ ३ देखि



झापा(प्रस) । यसवर्षको ताप्लेजुङ गोल्डकप-२०८१ आगामी भदौ ३ गतेदेखि आयोजना हुने भएको छ । लाखेजात्राको अवसरमा खेलाइने दोस्रो संस्करणको ताप्लेजुङ गोल्डकप भदौ ३ देखि १० गतेसम्म आयोजना हुने भएको हो ।

लाखेजात्रा सञ्चालन समितिको आयोजना हुने ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिता सदरमुकाम फुङ्लिङमा सञ्चालन हुने छ । शुक्रबार बसेको समितिको बैठकले गोल्डकप आयोजना गर्ने निर्णय गर्दै प्रतियोगितालाई यसवर्ष विगतमा भन्दा थप व्यवस्थित र विशिष्ट बनाउने गरी तयारीमा लाग्ने निर्णय भएकोसमेत समितिका अध्यक्ष देवराज गुरुङले जानकारी दिए ।

समिति अध्यक्ष गुरुङका अनुसार यस पटकदेखि गोल्डकप प्रतियोगिताको पुरस्कार राशि पनि बढाउने विषयमा छलफल भएको छ । प्रतियोगितालाई विशिष्ट बनाउन नेपालका नाम चलेका 'ए' डिभिजन क्लबहरूलाई आमन्त्रण गर्ने निर्णय गरिएको पनि उनले बताए ।

यसअघि ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताका विजेताले तीन लाख ११ हजार १११ र उपविजेताले एक लाख ११ हजार १११ रुपियाँ राशिको नगद पुरस्कार पाउँदै आएका थिए । यस वर्षदेखि पुरस्कार राशि कति वृद्धि गर्ने भन्ने विषयमा समितिको अर्को बैठक बसेर निर्णय गरिने अध्यक्ष गुरुङको भनाइ छ ।

# अवैध लागूऔषधसहित पाँच पक्राउ




झापा(प्रस) ।सुनसरीको धरानबाट अवैध लागूऔषधसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धरानले विशेष सूचनाको आधारमा अवैध लागूऔषध र नियन्त्रित औषधीसहित प्रहरीले पाँच जनालाई पक्राउ गरेको हो ।प्रहरी टोलीले धरान १९ का १७ वर्षीया एक किशोरीको कोठामा लुकाएर राखेको ट्रमाडोल १४ हजार नौ सय एक क्याप्सुल, स्पाज्मोल सात हजार ४९६ ट्याव्लेट र कोलीबान एक हजार १५५ ट्याव्लेटसहितको अवैध लागूऔषध तथा नियन्त्रित औषधी प्रहरीले बरामद गरेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक नविनकृष्ण भण्डारीका अनुसार कानुनी प्रक्रिया पूरा गरी चेकजाँच गर्दा अवैध लागूऔषधसहित नगद ७६ हजार रुपियाँ फेला पारी कानुन बमोजिम बरामद गरिएको हो ।

सो कार्यमा संलग्न सोही कोठाबाट एक जना १७ वर्षीया किशोरी, धरान उपमहानगरपालिका ४ का २६ वर्षीय मदन राई, सोही ठाउँका १९ वर्षीय सचिन राई, धनकुटा नगरपालिका वडा नम्बर ३ कागतेका ४५ वर्षीय चन्द्रध्वज राई र भारतीय नागरिक अररिया ईन्द्रनगर वडा नम्बर ९ जोगवनीका २८ वर्षीय रविकुमार सिंहलाई नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरेको भण्डारीले बताए । त्यस्तै लागूऔषधसहित एकजना विराटनगरमा पक्राउ परेका छन् ।बिराटनगर -१६ हुलास चौकमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका सुनसरी बराहक्षेत्र १ बस्ने २८ वर्षीय प्रबिण साहलाई लागूऔषधसहित प्रहरीले पक्राउ गरेको हो । लागूऔषध ब्युरो बिराटनगरबाट खटिएको टोलीले शंका लागेर चेकजाँच गर्दा उनको साथबाट एभिल-१५ एम्पुल, डाइजेपाम-१५ एम्पुल, लुपिजेसिक -१५ एम्पुल,फेनारगन-१५ एम्पुल फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय रानीमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कृषि..

लक्षित कार्यक्रमअन्तर्गत ४५ लाख रुपियाँ बजेटबाट ५८ जना युवाहरूलाई अनुदान दिएको छ भने खाध्यान उत्पादन, मकै प्रवर्द्धन, गहुँ ब्लक कार्यक्रम, रैथाने बाली संरक्षण कार्यक्रम र पुष्प खेती तथा नर्सरी शीर्षकमा अनुदान उपलब्ध गराएको छ ।

सुनसरीमा धान, गहुँ, मकै खाद्यान्न बालीको रूपमा लगाउँदै आएको छ भने तरकारी, दलहन र सूर्यमुखी तथा तोरी तेलहन बालीको रूपमा लगाउँदै आएका किसानहरूलाई लक्षित गरेर अनुदान वितरण गरेको छ । यहाँका किसानहरूले विगतमा पहुँचका आधारमा अनुदान पाएको गुनासो गर्दै आएकोमा यसपालि वास्तविक किसानले अनुदान पाएको इनरुवा ९ का किसान भोला यादवले बताए ।

यादवले सबैलाई थाहा जानकारी हुने गरी सूचना गर्दा आफूसहित एक सयभन्दा बढी किसानले प्रत्यक्ष लाभ पाएको बताए । कोशी प्रदेश सरकारले विगतमा कृषि अनुदान किसानको सट्टा बिचौलिया र पहुँचवालाको हातमा पर्दै आएको गुनासोलाई ध्यानमा राखेर बनाएको मापदण्ड अनुसार वास्तविक किसानको आवेदनमाथि सुनुवाइ गर्दै अनुगमन गरी अनुदान दिएको छ ।

कोशीका स्थानीय किसान सन्तोष पहाडीले किसानले पाउने अनुदानमा बिचौलिया हाबी भएको र वास्तविक किसानले नपाएको व्यापक गुनासो आएपछि वास्तविक किसानको पहिचानका लागि स्थलगत अनुगमन गरेर अनुदान पारदर्शिताका साथ वितरण गरेको बताए ।

कृषि ज्ञान केन्द्र सुनसरीले पूर्णरुपमा पारदर्शिताका साथ १२ वटै स्थानीय तहका लाभग्राहीलाई स्रोत र बजेटले भ्याए अनुसारको अनुदान दिएको प्रमुख नीलकमल सिंहले जानकारी दिए ।




# झापामा ६० प्रतिशत रोपाइँ


झापा(प्रस) । झापा जिल्लामा करिव ६० प्रतिशत धान रोपाइँ भएको छ । असार ३ गतेबाट शुरु भई असार २८ गतेसम्म ५९.६ प्रतिशत रोपाइँ भएको हो । झापामा कृषियोग्य जमिनमध्ये ७५ हजार ४५९ हेक्टर क्षेत्रमा धानखेती हुँदै आएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए ।



कोशी प्रदेशमा भने शुक्रवारसम्ममा कुल ६१ दशमलव ६७ प्रतिशत रोपाइँ भएको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । गएको वर्ष यस अवधिमा ५५ दशमलव नौ प्रतिशत रोपाइँ भएको थियो ।

मन्त्रालयले दिएको जानकारीअनुसार कोशी प्रदेशमा ८ लाख २६ हजार ६ सय ४६ हेक्टर खेतीयोग्य जमिनमध्ये दुई लाख ७६ हजार तीन सय ८६ दशमलव ७२ हेक्टर जग्गामा धानखेती हुने गरेको छ ।

मनसुनको सक्रियतासँगै अहिलेसम्म एक लाख ७० हजार चार सय ५० दशमलव ४२ हेक्टर जग्गामा धान रोपाइँ भएको मन्त्रालयका अधिकृत अभिमन्यु अधिकारीले जानकारी दिए ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## म घर फर्कनेछु!



• अभिराज खाती अन्जान

परदेशको चर्को घाममा पसिना बगाउँदै गर्दा
घर सम्झिएँ
आमा, बुबा, भाइ, बहिनी, परिवार सम्झिएँ
सम्झिएँ बचपनका दौँतरीहरू
सम्झिएँ
गुच्चा खेल्ने त्यो शीतल चौतारी
लाग्यो भोलि नै घर फर्कौँ र
रमाएर बसौँ परिवारसँगै
फेरि बरालिँदै हिँडौँ दौँतरीहरूसँग
जिऊँ एउटा मस्तीको जिन्दगी
ओहो! झस्किँदै सम्झिएँ
घरको अवस्था
परिवार पाल्न र मलाई ठुलो बनाउँदा
बुबाले दिएको त्यो अमूल्य बलिदान
आमा हामीप्रतिको तिम्रो त्यो त्याग
भुलेको छैन दिनरातको
साहुले दिएको मानसिक यातना
फेरिदिन्छु भनेको बुबाको कोट र आमाको फरिया
भाइलाई  पढाएर ठुलो मान्छे बनाउने हाम्रो सपना
साहुको ऋण तिरेर बिना फिक्री
सानो झुपडीमा रमाउने आमा-बुबाको चाहना
चाडपर्वमा आमा घर फर्क भन्छिन्
आमा पर्ख न केही पैसा कमाउनु छ
थोरै-थोरै गरेर जमाउनु छ
एक दिन त छोरा फर्केर घर
तिमीसँगै त रमाउनु छ
आएन नसोच्नु तर्केर
बसे है आमा पर्खेर
केही सम्पत्ति लिएर
आउनेछु घरमा फर्केर
बसे है आमा पर्खेर
आउनेछु घरमा फर्केर।

---

## हराएको निद्रा!



• सुरेन्द्र रसाइली

यो मध्यरातमा टलक्क टल्केको जूनको उज्यालोको
आगमनसँगै हराएको मेरो निद्रा
प्रतीक्षाको घडीको समय सकिनै लाग्दा पनि फर्कँदैन
लाग्दै छ निरन्तर भुकिरहेका कुकुरहरूले
मेरो निद्रालाई बिच बाटोमै रोकेका छन्
अनि यो व्यस्त रहने सुनसान सहरले भन्दै छ
एकछिन पख, नियाल मलाई
मनका अनेकौँ प्रश्नको झटारोले मस्तिष्कलाई
भन्दै छन् 'मेरो प्रश्नको जवाफ खोइ?'
सुकेको घाँटीलाई
छेउको बोतलको पानीले अलिकति भिजाउँछु र
बाल्छु निभाइएको बत्ती फेरि
बत्तीको मलिनो उज्यालोसँगै
पल्टाउँछु कापीका पाना र उतार्न खोज्छु
मानसपटलमा गुम्सिएर बसेका निद्राका बाधकहरूलाई।

कलमको पछिल्लो भागलाई दाँतले टोक्दै फेरि सोचमग्न हुन्छु
र गर्छु आफैलाई प्रश्न 'के चाहिँ लेख्ने?'
उतार्नु पनि कसरी भावहरू गिजोलिएका जो छन्
यति सजिलो छ र कापीका पानामा उतारेर निदाउन?
कापीका पानामा हुबहु परिणत गर्न त सकिएला तर
यो मानसपटलमा भण्डारण भएका बाधकहरूलाई
कहाँको रिसाइकल बिनमा थुपार्नु?

सोच्ने क्रम जारी छ र फेरि पनि सोच्दै छु के लेखूँ म?
सपनाको भारीले च्यापेर बिहान उठ्नै नसक्ने बनाको लेखूँ
कि लेखूँ मेरै शिरबाट उडेका सपनाहरूलाई मैले छुनै नसकेको
या लेखूँ आफैले मारेका सपनाहरूको मलामी गएको बारे
के लेखूँ?

# नेपाली साहित्यका चम्किला तारा भानु



• लक्ष्मी उप्रेती

असार २९ गते २११ औँ आदिकवि भानु जयन्ती  विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको स्मरणमा २११ औँ जन्मजयन्ती देश तथा विदेशका दार्जिलिङ, सिक्किम, भूटान, बर्मालगायत नेपाली भाषाभाषी धेरै रहेका देश एवम् स्थानमा पनि मनाइयो । भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गरेका थिए ।

विसं १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा पिता धनञ्जय र माता धर्मावतीदेवी आचार्यको एकमात्र पुत्ररत्नका रुपमा जन्मिएका आदिकवि भानुको निधन विसं १९२५ असोजमा भएको थियो । भानुभक्तले आफू बाँचुञ्जेलसम्म नेपाली भाषा साहित्यमा उल्लेखनीय योगदान गरे । तात्कालीन श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गरेको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गरेको इतिहास पनि छ। त्रिभुवन विश्वविद्यालयबाट भानुभक्तबारे स्नात्तकोत्तरमा थुप्रै शोधग्रन्थ लेखिएका छन् ।भानुभक्त सानैदेखि विलक्षण प्रतिभाका धनी  भानु नेपाली भाषाका कवि हुन् ।जसलाई नेपाली भाषाका आदिकवि भनेर पनि चिनिन्छ । मोतीरामले आफ्नो कृतिमार्फत भानुभक्त आचार्यलाई अत्यधिक सम्मान गरी 'आदिकवि' को उपाधिसमेत प्रदान गरे । उनले प्रदान गरेको 'आदिकवि' को उपाधिलाई त्यस समयमा त्यति मान्यता नदिइएपनि त्यसको करिव ५० बर्षपछि श्री ३ जुद्ध  शमशेरले पुनः भानुभक्तलाई आदिकवि नै भन्नु भन्ने हुकुम दिएपछि भने भानुभक्त आदिकविको रुपमा स्थापित भएका हुन् । भानुभक्तभन्दा अघि नै नेपाली भाषामा कविता लेख्ने कवि भएकाले उनलाई आदिकवि भन्न नमिल्ने तर्क पनि उठ्ने गरेका छन् । भानुभक्तका विषयमा अध्ययन अनुसन्धान गरिरहेका उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवाली रामायणजस्तो ग्रन्थलाई नेपाली लोकलयमा भावानुवाद गरी भाषिक एकताको महत्वपूर्ण योगदान गरेकाले भानुभक्तलाई आदिकवि भनिनु न्यायोचित रहेको बताउँछन् । रामायण ग्रन्थले भाषिक क्षेत्रमा नयाँ युग निर्माण गरेको मानिन्छ ।

सरल नेपाली भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनीलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर भानुभक्तले नेपाली जनतालाई ठूलो गुन लगाएका थिए । उनले लेखेको रामायण अहिले पनि नेपालीको घर-घरमा लयसाथ पाठ गरिन्छ । 'वधुशिक्षा' उनको अर्को प्रसिद्ध कृति हो । यसैगरी ' प्रश्नोत्तर', 'भक्तमाला', 'रामगीता', फुटकर रचनालगायत कृति छन् । भानुभक्तलाई एक सामान्य घाँसीले 'जन्मेपछि राम्रो काम गरेर नाम कमाउनुपर्छ' भनी अर्ति उपदेश दिएकाले उनी रामायणलाई नेपालीमा रचना गर्न प्रेरित भएका थिए । नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान छ ।

पिता धनञ्जय आचार्य सरकारी अड्डाका जागिरे भएका कारण उनले पितासँग नजिकिने त्यति समय पाएनन् । उनी रम्घा चूँदीको सम्पन्न र शिक्षित परिवारमा जन्मिएका थिए । बाजे श्रीकृष्ण आचार्य अत्यन्तै धार्मिक व्यक्ति र विद्वान समेत भएकाले बाल्यकालको शिक्षा उनले बाजेबाटै प्राप्त गरेपनि एउटा घाँसीको घाँस काटेर पाटी पौवा बनाउने इच्छाबाट केही न केही गरी नाम कमाउने प्रेरणा पाएका थिए भन्ने भनाई पनि छ । आफ्नो बाल्यकाल बाजेकै रेखदेख र सेरोफेरोमा बिताएका भानुभक्त जता जाँदा पनि बाजेको चोर औंला पक्रेर हिड्ने गर्दथे । सानैदेखि चतुर स्वभावका उनले सानै उमेरमा बाजेबाट धेरै ज्ञान प्राप्त गरिसकेका थिए ।

बाजे श्रीकृष्णको धार्मिक भ्रमणमा साथ लागेर भानुभक्त उनीसँगै काशी पुगे । काशीमा रहँदाको समयमा उनले संस्कृत भाषाको अध्ययन गर्ने मौका पाए र छोटै समयमा उनी संस्कृतका ज्ञाता पनि भए । त्यस समयमा संस्कृत भाषाको बोलवाला थियो र नेपाली भाषालाई तुच्छ भाषाको रुपमा लिइन्थ्यो । भानुभक्त संस्कृत भाषाका ज्ञाता भएता पनि उनले नेपाली भाषालाई उच्च प्राथमिकतामा राखेका थिए । उनी सानैदेखि नेपाली भाषामा बोल्थे, नेपाली भाषामै कविता भन्थे र कवितामै नाच्थे पनि । भानुभक्तलाई लेखनमा अत्यन्तै रुचि थियो । जति लेख्दा पनि नअघाउने भानुभक्तले त्यस समयमा धेरै लेखे ।

त्यस समयमा भानुभक्तले लेखेका साहित्यहरु न त प्रकाशन हुन सके , न त भानुभक्त जनमानसमा चिनिन नै सके । भानुभक्तले बाल्मीकीय रामायणलाई नेपाली भाषामा अनुवाद गरेका छन् । उनका पाण्डुलिपीलाई संग्रह गरेर मोतीराम भट्टले पुस्तकाकारमा प्रकाशित गरेपछि भानुभक्त नेपाली साहित्यमा चिनिएका हुन् । आदिकवि भानुभक्तको जीवन चरित्र विसं १९४८ मा प्रकाशित गरेर पहिलो पटक भानुभक्तलाई तनहुँ चुँदीबाट झिकिदिएर बाहिर निकाल्ने काम मोतीराम भट्टले गरेको भनाई छ ।

त्यसपछि मात्र त्यस बेलाको नेपाल काठमाण्डौ उपत्यका र वरपर रामायणका श्लोक भानुभक्त गाईन थालियो । विसं १९८६ तिर सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधानजस्ता व्यक्तिहरुले नेपाल बाहिरका विभिन्न क्षेत्रमा भानुभक्तलाई यात्रा गराएपछि भानुले राष्ट्रिय सीमा नाघेर अन्तर्राष्ट्रिय नेपालीभाषी सवैक्षेत्रमा मान्यता पाएको भनाई पनि छ । भानुभक्तको देन पाएर नेपाली साहित्य समृद्धशाली भन्नेहरु राष्ट्रभाषा भानुभक्तको देन ठानेर त्यसैमा रमेका पनि भेटिएका छन् ।


उनका लेखहरुलाई मोतीराम भट्टले प्रकाशित गरेर जीवन्तता प्रदान गरे  र भानुभक्तलाई समेत चर्चाको शिखरमा पुऱ्याए । नेपाली वाङ्मयका ज्योति भानुभक्त आचार्य राणाकालीन संकटपूर्ण, अस्थिर वातावरणभित्र रामको आदर्श सृष्टि गर्ने एक मार्गदर्शक समेत हुन् । मनुष्य जीवन र सम्पूर्ण संसारका प्रतिक रागीवन र मृत्युका प्रतिक रामको राजमहलबाट बनवास यात्रा लोकहितका निम्ति जस्तो पनि काम गर्नुपर्छ भन्ने आदर्श समेत प्रचार गर्ने प्रचारकको रुपमा आज भानुभक्तलाई नै चिन्ने गरिएको उनलाई नजिकबाट बुझ्नेहरु बताउँछन् । हजारौ वर्षदेखि पूर्वीय जगत्मा उपजीव्य बनेको प्रतिनिधि ग्रन्ध रामायणको नेपालीमा पुनर्जन्म गराउन भानुभक्त सफल समेत बने । यस्ता प्रतिभालाई सवैका सामु चीरपरिचित गराउन र चर्चामा ल्याउनका लागि मोतीरामले उनको जीवनी समेत लेखेर छापिदिए ।

३७ बर्षको उमेरमा सरकारी जागिर पाएको दुई वर्षमा नै उनलाई सरकारी रकमको दुरुपयोग गरेको भन्दै जागिरबाट हटाइयो र पाँच महिनाको कारावासका लागि कुमारी चोकको खोरमा समेत पठाइयो । कुमारी चोकको हिसाब मिलाउन नसकेर झ्यालखानामा परेका आदिकवि आचार्यले सरकारी कार्यालयमा हुने ढिलासुस्ती र ' भोलिवाद'का कट्टर विरोधी भएर कवितामा भोलिको विरोध गर्दै लेखेका थिए, 'भोलि भोलि भन्दैमा सब घर बिति गो बक्सियोस् आज भोली ।'  तर यो खोरको जीवन उनका लागि वरदान सावित भयो । उनले पाँच महिनाको कैदमा रहँदा रामायणको अयोध्या, अरण्य, श्रीकिष्किन्धान र सुन्दरकाण्डको पद्म अनुवाद गरेर सके । त्यस वेलासम्म नेपाली भाषामा रामायण नभएकाले विभिन्न उत्सवहरुमा संस्कृत भाषाका श्लोकहरु पढिन्थ्यो । नेपाली भाषामा रामायण आएपछि सवैका घरघरमा भानुभक्तको रामायण राखिन थालियो । त्यसपछि नै समाजमा नारी पुरुष र सबै जातजातिले समान रुपमा पढ्ने अवसर पाए । भानुभक्तीय रामायण सरल र  मौलिक नेपाली भाषामा रचना गरिएकाले यसले रात दुईगुणा र दिन चारगुणाले देश देशान्तरसम्म प्रसिद्धी कमाउन थाल्यो ।

आदिकवि भानुभक्त आचार्य नेपालमा मात्र नभई संसारभरका नेपालीभाषीहरुको मानसपटलमा सम्मानित भएर बसेका छन् । उनी जन्मेकै दिन वा हरेक बर्षको असार २९ गते भारतको दार्जीलिङ र सिक्किम राज्यहरुमा भानु जयन्तीलाई ठूलो पर्वको रुपमा मनाइन्छ र भानुभक्तको जयजयकारको नारासहित उनको स्मरण गरिन्छ । वास्तवमा नेपाली साहित्यमा आदिकवि भानुभक्तका रचनाहरु अग्रणी रुपमा रहेका छन् ।'अध्यात्म रामायण' अनुवादित ग्रन्थ भएपनि भानुभक्तले यसलाई मौलिक रुप दिई रोचक र सरल रुपमा प्रस्तुत गरे । भानुभक्तभन्दा अगाडिका कविहरुले नेपाली भाषा र साहित्यलाई यति सहज, सरल र मौलिक रुपबाट प्रस्तुत गर्न सकेका थिएनन् । त्यसैले भानुभक्तीय रामायण नेपाली भाषा साहित्यको पहिलो महाकाव्य बन्न सफल भयो । तात्कालीन श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहले विभिन्न खण्डमा विभाजित राज्यलाई एकीकरण गरे भने भानुभक्तले सांस्कृतिक रुपमा नेपाली भाषालाई एउटै मालामा गाँसेर भाषीक एकीकरण गरे । भानुभक्तले सृजना गरेको नेपाली भाषाका कारण संसारभरिका नेपाली भाषीहरुबीच भाषिक एकता कायम हुन सकेको हो । भानुभक्तले रामायणका बालकाण्ड र अरु काण्ड प्रश्नोत्तर १९१० , भक्तमाला १९१०,  बधूशिक्षा १९१९ लगायतका कृतिहरुको सिर्जना गरे । यसबाहेक उनले थुप्रै फूटकर कविताहरु रचना गरी नेपाली साहित्यलाई धनी बनाए । भानुभक्तका अन्य धेरै कृतिहरु भएता पनि एउटा रामायणले नै भानुभक्तलाई लोकप्रिय बनायो ।

नेपाली भाषा साहित्यको अमरत्वका साथमा भानुभक्त आचार्यको अमरत्व सदासर्वदाका लागि गाँसियो । जीवनको अन्तिम क्षणसम्म पनि नेपाली साहित्य उत्थानका लागि निरन्तर लेखनमा लागि परेका आदिकवि भानुभक्त आचार्यको सम्मान गर्न सक्यौं भने त्यो राष्ट्रको सम्मान हुनेछ र हामी सवै नेपाली जनताको पनि । नेपाल राष्ट्र रहेसम्म भानुभक्त अमर रहनेछन् कविशिरोमणि लेखनाथ पौड्यालको त्यसबेलाको घोषणा आजसम्म सार्थक छ ।   अन्त्यमा ,बहुभाषाभाषी बसोबास रहेको यो राज्यका आम नागरिकमा एक आपसमा सम्बन्ध सुत्र जोड्न आधार तयार गर्ने व्यक्ति भानुभक्तको योगदान संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि उत्तिकै सान्दर्भिक पनि छ ।

# बुढेसकालमा तिमी !



• लक्ष्मी भट्टराई

'चाउरिएका हातले तरकारी केलाउँदै गर्दा अझै मेरै चिन्ता गरी 'भोक लाग्यो होला, पर्खनुस् है' भन्दै हतार हतार हात चलाउँदै फटाफट पकाएर दिने अरू कोही नभएर मेरी बुढेसकालकी लाठी, मेरी सहारा, मेरी साथी, मेरी आड, मेरी भरोसा, अनि मेरी सबै थोक अर्थात् मेरी अर्धाङ्गिनी। हो, मेरा लागि मेरी श्रीमती सबै हो किनकि उनी छिन् र त अनि म छु। सायद म भएर पनि कहीँ कतै पक्कै उनी छिन्। तर बढीमा म भएर उनीभन्दा उनी भएर म बाँचिरहेछु।'

बिहान उठ्यो, सबै घर धन्दा गऱ्यो, खाना बनायो, जुठा-भाँडा सफा गऱ्यो, भैँसी-बाख्रालाई स्याहाऱ्यो, खाजा बनाएर खायो। फेरि सबै घर-गोठका काम सक्यो अनि आगो फुक्दै एउटा हातमा ढुङ्गो र अर्को हातमा चुरोट सल्कायो। सायद दिनभरिको थकान पछिको मिठो गफमा साथ दिने साथी बूढाबूढीका लागि उहीँ चुरोटको खिल्ली नै थियो।

१४ वर्षमा बिहे भएर १८ वर्षबाट लगातार छोरा र छोरी गर्दै ७ वटा बच्चा जन्माएर हुर्काउनुको पीडा उहीँ पीडा सहने आमाका शरीरका कोण-कोणलाई नै थाहा होलान्।

समय जति सहज र सजिलो अहिले देखिन्छ सायद त्यो बेला सरल भने पक्कै थिएन। साँझपख अगेनामा आगोको रापसँगै बुढा बा-आमाका तिता-मिठा यथार्थहरूसँग भुलिन पाउनु पनि सौभाग्य नै हो किनकि जुन हामीलाई आजका दिनमा सुन्दा एकादेशका कथा जस्ता लाग्छन्, कुनै बेला ती बा-आमाका लागि वास्तविकता थिए।

क बाट कलम अनि ख खरायो भनेर चर्को-चर्कोसँग उच्चारण गरेका ध्वनिहरू आमाका कानमा नगुन्जिएका हैनन्। ती ध्वनिहरूले आमालाई आफूतिर नतानेका पनि हैनन्। तर घरको तालमेलले आँखा अघिका भैँसी र बाख्रातिर डोऱ्याउँदै थिए। रहरले आमा ती ध्वनिहरूलाई पछ्याउँदै बाहिर झ्यालनिर बसेर ती पढाइका दृश्यहरू ननियालेकी पनि हैनन्। तर विद्यालयमा बसेर पढ्न पहिला भर्ना हुनु पर्छ, ड्रेस लगाउनु पर्छ। त्यसै यसरी सुन्न पाइँदैन भनेपछि आमाका रहरहरू त्यही ओइलाएर गए।

आमालाई त्यसअघि लाग्थ्यो, पढ्न पाए मैले पनि अरू जस्तै लेख्न जान्थेँ, घरमा आएका चिठी पढ्दियो भन्दै अरूका दैलोमा जान पर्दैनथ्यो तर आमाका कुरा कसले बुझिदिने? त्यो बेला आमाको पढाइभन्दा घरकै काम प्यारो थियो सबैलाई।

आफ्ना रहरहरूलाई दबाएर घरकै काम नै ठुलो मानी आमा पनि त्यही बाटोमा मोडिनु भयो जुन बाटोले आज आमालाई अशिक्षितको उपनाम दियो। भनिन्छ नि, कि त पढेर जानिन्छ कि परेर जानिन्छ। हो, आमा मात्रै नभएर यहाँ आमा जस्तै कयौँ आमाहरू पढेर भन्दा पनि परेर अझै अब्बल नै हुनुहुन्छ झैँ लाग्छ र लाग्नु स्वाभाविक हो। हामीले कापीका पानामा लेखेर जान्ने कुरा आमाले भोगेर नै बुझ्नु भयो।

बा भन्नु हुन्थ्यो, जीवन जिउन त्यति सजिलो पनि छैन र उति सारो गाह्रो पनि छैन जति सोचिन्छ। बेला-बेला बा टुक्काहरू भन्नु हुन्थ्यो जसभित्र गहिरा भाव लुकेका हुन्थे। अनि त्यही अनौठा टुक्का र गहिरा भावलाई लिएर म केही समय आफैसँग हराउँथेँ र झल्याँस्स भएपछि तिनका पछाडिका अर्थहरू बालाई सोध्थेँ। बा कुनै टुक्का त्यो भनेको त्यही नै हो भन्नु हुन्थ्यो भने कुनैलाई मज्जाले गाउँलेकै उदाहरण दिएर बुझाउनु हुन्थ्यो। बा पनि त पढेरभन्दा परेर जान्नेमै पर्नु भयो। बा-आमा बिचको त्यो मेलमिलाप, हाँसो-मजाक, माया, एकअर्कालाई बुझ्न सक्ने क्षमता र सबैभन्दा प्यारो त बा-आमाका आडमा बसेर उहाँहरूकै सङ्घर्षका वास्तविकता सुन्न पाउनुमा निकै खुसी लाग्थ्यो किनकि त्यसबाट एक किसिमको छुट्टै प्रेरणा मिल्थ्यो।

बा चुरोटको अर्को खिल्ली सल्काउँदै अलि भावुक हुँदै भन्नु हुन्थ्यो, 'पहिला भकारीमा धान कम भएर खान धौ धौ हुन्थ्यो, ढिँडो रोटी खाइन्थ्यो। अहिले भकारीमा धान टन्नै छ तर खाने उहीँ हामी बुढाबुढी मात्रै छौँ। कहिलेकाहीँ उहीँ तिमीहरू अनि बेला मौकामा छोरा-बुहारी आउँछन् तर एक दिन आएर बसेर कति नै खाएर जान्छन् र! त्यही नि बजारमा बसेर लामा लामा धानका चामलको भात खाइरहेका यहाँको चामल नै कस्तो अर्कै भन्दै त्यही नि इति पनि खान्नन्, यस्तै रहेछ संसार अब कति नै पो बाँचिन्छ र!'

बा फेरि गफको तालमा अर्को चुरोट सल्काउन के लाग्नु भएको थियो मैले उहाँको हातबाट चुरोटको बट्टा नै खोसेर 'यसरी धेरै चुरोट खानु हुँदैन के बा, चुरोट नखानु न अनि अझै कयौँ वर्ष बाँचिहाल्नु हुन्छ नि। अरू के नै रोग छ र?' भन्दै बालाई अझै पहिलेका बारेमा म अनेक प्रश्न गर्दै थिएँ।

त्यत्तिकैमा आमाले उताबाट 'हैन गफ सकिएन नातिनी र हजुरबाको? अझै कति बस्नी हो बिहान छिट्टै उठ्न पर्छ' भन्नै गुन्द्री उठाउन लाग्नु भयो।

आमा के-के बरबराइरहनु भएको थियो, त्यही बेला बाले 'तिमी छ्यौ किन पिर लिनु, भाले बास्नु अघि सधैँ उठाइहाल्छौ' भन्दै हाँस्दै ओछ्यानतिर जानु भयो। म पनि आफ्नो बिस्तरातिर लागेँ।

मलाई त्यस रात अबेरसम्म निद्रा परेन। मेरा मस्तिष्कमा उहीँ बा-आमाका कुराहरू अनि आखिर बुढेसकालमा एक्लै बसेका बा-आमातिर गयो। हुन नि फेरि जसरी सहरमा बसेर गाउँ जाँदा त्यहाँको भात मिठो लागेन भनेर नाति-नातिनीले भनेझैँ बा-आमालाई पनि सहरको प्याकेटको दूध खल्लो लाग्थ्यो। आफ्नै हातले भैँसी दुहेर कराइभरि दूध बनाएर आगोमा उमालेर पिएको जस्तो स्वाद कहाँ हुनु! सायद यस्तै कुराहरूले गर्दा पनि बा-आमालाई एक्लै भए पनि गाउँमै बस्छौँ भन्ने लागेर होला।

त्यस रात कयौँ कोल्टे फेरेँ, उठेँ, पानी पिएँ तर अहँ! निन्द्रा नै परेन। तर बिहानीपख भने निदाएछु। पछि बाको बोली सुनेर उठेँ। चिया बनाएर बा-आमालाई दिएँ र दुई दिनको बसाइँपछि म पनि फर्कनु नै थियो आफ्नै कर्मथलो राजधानीमा। आमाले भात र तरकारी बनाइहाल्नु भयो र म पनि बा-आमालाई छिट्टै आउँछु भन्दै अघि लागेँ। यात्राभरि बा-आमालाई नै सम्झिँदै आएँ। मैले पनि मेरो बुढेसकाल कल्पिएँ र जवानीमै बुढेसकाल लागेजस्तै म मेराअघि बा-आमा निकै निरोगी र निडर अनि सक्षम पाएँ।

# विकृत बाटोमा नेपाली राजनीतिः बचाउमा उथलपुथल



• द्रोण अधिकारी गुयेली

नेपाली राजनीतिले विधि र प्रकृया बिर्सदा २०६२/०६३ को आन्दोलनबाट प्राप्त उपलब्धी निकै सकसपूर्ण अवस्थामा पुगेको छ। जसरी २०४६ सालको परिवर्तनको उपलब्धी जोगिन सकेन, त्यसैगरी पछिल्लो उपलब्धी पनि नजोगिने हो कि भन्ने प्रश्न गर्ने ठाउँ प्रशस्त देखिन थालेको छ। गणतन्त्रको शुत्रधार मान्ने माओवादी र संघीयताको शुत्रकर्ता ठान्ने मधेशी जनअधिकार फोरम नाम लिएर जन्मिएका पार्टीकै कारण सत्तालिप्सा आचरणले संघीयता र गणतन्त्र धराप अवस्थामा पुगेको सत्य बिर्सन सकिदैन। परिवर्तित व्यवस्थाको उपलब्धीको सुरक्षा गर्ने दायित्व बिर्सिएर माओवादी र मधेशवादी दल सत्तारोहणमा रमाइरहँदा परिवर्तन बिरोधी बलिया हुँदै गए भने परिवर्तनका पक्षधर सकिने अवस्थामा पुगेका छन्। यो राजनीतिको सवैभन्दा विकृत चित्र हो भन्न डराउनु पर्दैन।

काँग्रेस र एमाले बहुदलका पक्षधर भए पनि संघीयता र गणतन्त्रका शुत्रधार होइनन्। उनीहरूको मध्यमार्गी विचारले दलबिहीन पञ्चायतलाई बहुदलीय बाटोमा ल्याउन मात्र सफल भएको विगतले स्पष्ट पारिसकेको छ। देश र जनताका समस्याको पहिचान गरी समाधान गर्नेभन्दा दलीय स्वतन्त्रताको वकालत गर्दै नागरिकमा आश्वासनको भारी देखाएर सत्ता प्राप्त गर्नु यी दलको मुख्य रणनीति देखिन्छ। विडम्बना! माओवादी र फोरम नामका दल पनि नयाँ जोगी बनेर सत्ता यात्रामा रमाइरहनु यस व्यवस्थामाथिको घात सावित हुँदै जानु हो। यिनै दलका कारण नेपाली राजनीतिमा ठूलो परिवर्तन भएको इतिहास लेख्नेहरूले यिनै दलको चरित्रले परिवर्तनले दीर्घायु पाएन भनेर लेख्नु पर्ने विडम्बना साथमा रहेको देखिन्छ।

अन्ध सत्तामोहमा रहेका पुष्पकमल दाहालका कारण केही दिन अगाडिसम्म उथलपुथल शब्दले निकै चर्चा पायो। यस शब्दको आशय के थियो भने लोकतन्त्रको मर्मविपरित ठूला दललाई सानो दलले खेलाउने प्रवृत्ति नै व्यंग्यका रूपमा उथलपुथल बन्नु थियो। बहुदलीय लोकतान्त्रिक संसदीय राजनीतिमा पहिलो दल सत्ता सञ्चालक, दोश्रो दल प्रमुख प्रतिपक्ष र अन्य दल सत्ता तथा प्रतिपक्षका साक्षी भन्ने मान्यता छ तर, प्रचण्डको सत्तालिप्साले विधि र प्रकृया कहिल्यै देखेन। परिणाम नेपालको राजनीतिले लोकतन्त्रको मर्म अनुकुल काम नगरेकै कारण तेश्रो दल सत्ताको नेतृत्व गर्दै उथलपुथलको राजनीति गरिरहेको थियो। सत्य बाहिर गएर उथलपुथलको यात्रा बढाउन खोज्दा पछिल्लो निर्वाचनमा तेस्रो हैसियतमा रहेको सरकारको नेतृत्व गरिरहेको दल अब आउने निर्वाचनमा सकिने त होइन? प्रश्नै प्रश्नले घेरिरहेको छ।

नेपालजस्तो मिश्रित निर्वाचन प्रणाली भएका बहुदलीय व्यवस्थामा सरकार निर्माणका लागि गठबन्धन सर्वस्वीकार्य अभ्यास हो। तर यस अभ्यासलाई जनमतका आधारमा न्यायोचित हुने गरी ठूलो दलले सरकारको नेतृत्व गर्नु पर्छ भने जनमतको भावनाविपरित सानो दलले ठूलो पदको मोलमोलाइ गरे व्यवस्थामाथि नै प्रश्न उठाइदियो। यसखालका प्रवृत्ति लोकतान्त्रिक राज्य प्रणालीको दोहन गर्नु हो भन्ने भावना नबुझेकै परिणाम सत्ताका लागि उथलपुथल आइरहेको छ। २०६४ सालपछि परिवर्तित व्यवस्थामा शक्ति लिएर उदाएका पुष्पकमल दाहाल प्रचण्डले धेरै प्रकारका उथलपुथल गरे। तेस्रो दलको हैसियत रहँदारहँदै दाहालले पछिल्लोपटक सरकार चलाएको १८ महिना पूरा हुने चरणमा थियो। तर प्रधानमन्त्रीका छिनछिन र दिनदिनका भूमिकाले तीन करोड नेपालीको शिक्षा, स्वास्थ्य, रोजगारी र व्यवसायको दिशामै उल्टो प्रभाव पर्न थाल्यो। एक वर्षअघि १७ खर्ब ५१ अर्बको बजेट ल्याएको दाहाल सरकारले पुँजीगततर्फ ३ खर्ब २ अर्ब मात्र विनियोजन गरेको थियो। अझ, आर्थिक वर्षको अन्तिमतिर आइसक्दा ५० प्रतिशत पनि खर्च गर्न सकेन। विकासको गतिमा उल्टो उथलपुथलको प्रभाव जीवित रहन गयो। यस्तो अवस्थाले परिवर्तित व्यवस्थामाथि प्रश्नै प्रश्न खडा भइरहेका छन्।

२०८० सालको एसईईको नतिजा आउँदा परीक्षामा सामेल ४ लाख ६४ हजार कलिला बालबालिकामध्ये २ लाख ४२ हजार कक्षा ११ मा भर्ना पाउन अयोग्य घोषित भएका छन्। अढाई लाख विद्यार्थी अयोग्य हुनु भनेको राष्ट्रिय विपत् मान्नु पर्ने हो सरकारलाई केही मतलव भएन। सार्वजनिक विद्यालयमा ५६ हजार शिक्षक दरबन्दी अपुग भएको सरकारी तथ्यांकले देखाउँछ। शिक्षक दरबन्दी पूर्ति गर्ने, अध्यापन पद्धति सुधार्ने र बालबालिकाको सुन्दर भविष्य सुनिश्चित गर्न एक दिन वा एक घण्टा पनि चिन्तन नगर्ने सरकारी पक्षले देशको उन्नति प्रगतिको बारेमा भाषण गर्दै हिँड्नु लाजसरम बिर्सनु हो। नैतिक चरित्र नरहनेले देशको सत्ता चलाउँदा व्यवस्था परिवर्तन भए पनि अवस्थामा परिवर्तन हुँदो रहेनछ भन्ने प्रष्ट हुन्छ।

केही महिना अगाडि प्रधानमन्त्री दाहालबाट धोका खाएकाहरू एक ठाउँमा उभिने दिन आउन बेर नलाग्ने भन्दै काँग्रेसका नेताले अभिव्यक्ति दिँदा सत्ता छोड्नु परेको पीडाका रूपमा नेपाली नागरिकले बुझेका थिए। तर, अहिले राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्ने र तदअनुरूपका कानुनसमेत निर्माण गर्ने भन्दै प्रचण्डबाट धोका खाएकाहरू एक भएका छन्। केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउन भन्दै नेकपा (एमाले) र नेपाली कांग्रेसका बीचमा समझदारी बनिएको खवरले उथलपुथलको वास्तविक स्वरूप यस्तो हो कि भन्ने अनुभूति दिलाइरहेको छ।

प्रचण्ड सरकारमा टाँसिएको चार महिना नपुग्दै नेकपा एमालेले नेपाली काँग्रेससित एकै ठाउँमा उभिन तयार हुनुचाहिँ रहस्यमय छ। उथलपुथल शब्दको वास्तविक अर्थचाहिँ काँग्रेस–एमाले सत्ता सहकार्यदेखि संविधान संशोधनलगायत मुलुकमा देखिएका समस्या समाधानमा मिलेर अघि बढ्न राजी भएका हुन् या प्रचण्डको प्वाख उखेलेर सरकार बनाउने र आलोपालो नेतृत्व गर्ने मात्र मनसाय लिएका हुन्? उत्तर यहिँ लुकेर बसेको छ। विगतमा दाहाल एमालेसँग नमिल्दा कांग्रेससँग टाँसिने र कांग्रेससँग बार्गेनिङ गर्नु परे एमालेसँग जोडिँदै आएका थिए। उनले प्रतिनिधिसभामा माओवादीको ३२ सिटलाई 'आफ्नो नम्बरको जादु' बताउँदै आए। कहिले कता र कहिले कता ढल्केर पाँच वर्ष सरकारमा रहिरहने दाहालको दाउ कांग्रेस र एमालेबीच भएको सहमतिले चकनाचुर हुन पुगेको छ। संवैधानिक व्यवस्थाअनुसार दाहाल अझै एक महिना सरकारमा रहन सक्छन्।

परस्पर प्रतिष्पर्धी दलको पहिचान बनाएका काँग्रेस–एमाले एक ठाउँमा आउनु यस व्यवस्थाका लागि घातक पनि हुन सक्छ किनकि वर्तमान संसदमा रहेको पहिलो दल र दोश्रो दल एक हुँदा विधि र प्रकृया बिर्सिएर सत्ताका लागि जनभावना प्रतिकुलका काम हुन सक्छन्। पहिलो संविधान सभाले संविधान जारी गर्न नसकेपछि २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनपछि कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वमा एमालेसमेत सम्मिलित सरकार गठन भएको थियो। कोइराला नेतृत्वको सरकारका पालामा २०७२ असोज ३ गते संविधानसभाबाट नयाँ संविधान जारी भएको थियो। तर, बहुलबाद स्वीकार गर्दै संघीय गणतन्त्रात्मक व्यवस्थालाई सर्वोपरी ठानेको यस संविधानको रक्षाका लागि काँग्रेस–एमाले २०७२ असोज ३ पछि कहिल्यै एक ठाउँमा उभिएका छैनन्।

त्यसैकारण हुन सक्छ, क्षेत्रीय र जातीय राजनीतिको जग भत्काएर जारी भएको वर्तमान संविधान पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन। संविधानभित्र रहेका त्रुटी पहिचान गरी सुधार गर्नकै लागि गठबन्धनमा पहिलो दल र दोश्रो दल आएका हुन् भने राजनीतिक इतिहासले गलत भनिरहेको गठजोड भए पनि सही कदम भन्ने दिन आउँला तर सत्ताको भाग खाने काम मात्र भए काँग्रेस–एमालेको यो कदम व्यवस्था माथिकै प्रहारका रूपमा चिनिने छ। २०६४ सालको पहिलो संविधान सभामार्फत संविधान जारी गर्न नसकेको माओवादी–फोरम प्रवृत्तिकै कारण झण्डै दुई दशकयताको अस्थिर राजनीतिक चरित्रलाई रोक्न नसक्ने हो भने यो व्यवस्था पनि इतिहासमा मात्र सीमित नरहला भन्न सकिदैन। नागरिकका असन्तुष्टिको परिणाम सहकारी ठग्नेहरू राजनीतिक चरित्र र व्यवस्थामाथि प्रश्न उठाएर सत्ता उलटपलटमा निर्णयक बन्ने वातावरण निर्माण भयो। अरूलाई नैतिकताको पाठ पढाउनेहरू अनैतिक भएर सत्तामा टाँसिरहेको दृष्यले २०६२/०६३ को परिवर्तनको औचित्य सकिन लागेको त होइन? प्रश्न जन्मिएको छ।

नेपालको पहिचान, मौलिकता, आवश्यकता जस्ता विषय उठान गर्नेहरूको राजनीतिक हैसियत नै छैन। उथलपुथल भन्दै देश र जनता ढाँट्नेहरूको हालीमुहाली रहेको वर्तमानमा काँग्रेस–एमाले सहकार्यले नयाँ दिशा निर्देश गर्ला भन्ने विश्वास न्यून भए पनि अस्थीर राजनीतिक खेल बन्द होला कि भन्ने आश जीवित छ। ढँटुवारे प्रवृत्तिले उथलपुथल शब्द नै बदनाम हुने अवस्था रहेको वर्तमानमा अबको राजनीतिले कस्तो गति सिर्जना गर्ला? काँग्रेस–एमालेको कार्यशैलीमा भर पर्ने छ। संसदीय लोकतन्त्रमा दुई ठूला दल मिलेर सरकार गठन गर्न नहुने मान्यता छ। यस मान्यताविपरित कांग्रेस–एमाले मुलुकमा अप्ठ्यारो परिस्थिति आइपर्दा प्रमुख दलहरुले नै त्यसको निकास दिनुपर्ने भन्दै सरकार निर्माणको सहकार्य गर्न तम्सिएका छन्। राजनीतिक अवस्थाको असहज परिस्थितिलाई देखाएर अहिले सरकार बनाउनु हाम्रो दायित्व हो भनिरहेका छन्। अहिलेको परिस्थितिमा विकल्पमा नयाँ सरकार बनाउँदा संविधान पुनरावलोकन गर्ने सहमति पनि भएको जनाइएको छ। तर, संविधानको पुनरावलोकनचाहिँ कस्तो तरिकाले हुने हो? सवैको चासो यहीँ छ। राजनीतिले विकृत बाटो लागेर बचाउ गर्न उथलपुथल उच्चारण गरे जस्तो हुनुचाहिँ दुर्भाग्य बन्न सक्छ।

## बिर्तासिटीमा हिपको जोर्नीको सफल प्रत्यारोपण



झापा(प्रस)। झापाको बिर्तामोड रहेको बिर्तासिटी अस्पतालमा एकजना पुरुषको हिप फेर्ने शल्यक्रिया (हिपको प्रतिस्थापन) गरिएको छ। यो शल्यक्रिया चिकित्सा क्षेत्रमा दुर्लभ मानिन्छ।

हाडजोर्नी शल्यक्रियमध्ये सबैभन्दा जटिल मानिने हिप ट्रान्सप्लान्ट सफलतापूर्वक सम्पन्न गरिएको शल्यक्रियामा संलग्न डाक्टर रुपेशजंग बेलवासेले जानकारी दिए।

झापा गौरादह ४ स्कुलचौनका ६१ वर्षीय यमनाथ संग्रौलाको हिपको जोर्नीको प्रतिस्थापन गरिएको हो। करिब ३ घण्टा लामो शल्यक्रियापश्चात् संग्रौलाको खिइएको हिप फेरिएको हो।

वंशाणुगत समस्याका कारण संग्रौलाको हड्डी खिइँदै गएको र अत्यधिक दुखाइका कारण हिँडडुलमा कठिन हुँदै आएको थियो। उनी पेनकिलर खाँदै आएका थिए।

दक्ष चिकित्सकको टिम तथा आधुनिक प्रविधिबाट उनको शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ। बिर्तासिटीमै यस्तो शल्यक्रिया हुन थालेपछि बिरामीले अन्यत्र जानुपर्ने बाध्यता हटेको डाक्टर बेलवासेले बताए।

संग्रौलाको शल्यक्रियामा डाक्टर बेलवासेसँगै डाक्टर कुमुदकुमार लिम्बू, डाक्टर प्रतिक चौधरीलगायत संलग्न रहेका थिए।

हाडजोर्नी प्रत्यारोपण तथा दूरबिन प्रविधिबाट नशा रोगको उपचार गर्ने नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त नेपालकै पहिलो विशेषज्ञ डाक्टर हुन् बेलवासे।

नेपाल मेडिकल कलेज काठमाडौँबाट सन् २०१३ मा एमबिबिएस गरेका डाक्टर बेलवासेले सन् २०१८ मा बनारस हिन्दु विश्व विद्यालयबाट एमएस गरेका थिए। उनले हाडजोर्नी प्रत्यारोपण तथा दूरबिन प्रविधिबाट नशा रोगको फेलोसिप अस्ट्रियाबाट गरेका हुन्। भारतको अपोलो अस्पताल नयाँ दिल्लीमा समेत काम गरेको उनमा अनुभव छ।

बिर्तामोडस्थित पूर्ण टुङ्ग बिर्तासिटी अस्पतालमा विगत साढे चार वर्षदेखि कार्यरत डाक्टर बलवासेले एओ ट्रमा फेलोसिप (स्विजरल्यान्ड) बाट छात्रवृत्ति प्राप्त गरेका थिए।

युरोपबाट पाएको एओ ट्रमा फेलोसिप लिएका डाक्टर बेलवासेले जटिल रोगको समेत सरल तरिकाबाट उपचार गर्दै आएका छन्।

बिर्तासिटी अस्पतालमा कार्यरत डाक्टर बेलवासेले यसअघि पनि छिनेका हात जोडेका थिए। बिरामीको छिनेको हात शल्यक्रियाका माध्यमबाट जोडेर सफल उपचार गरेसँगै डक्टर बेलवासेको चर्चा पूर्वमा चुलिएको थियो।डाक्टर बेलवासेले बिर्तासिटी अस्पतालमा हालसम्म पाँच हजारभन्दा धेरै बिरामीको सफल उपचार गरिसकेका छन्।

## कृषि अनुदानबाट सयभन्दा बढी किसानलाई लाभ



झापा(प्रस)। सुनसरीमा चालु आर्थिक वर्षमा समयमै कृषि अनुदानसम्बन्धी सूचना प्रवाह गरी लाभग्राही छनोट गर्दा एक सय बढी किसानले प्रत्यक्ष लाभ पाएका छन्।कृषिमा ५० देखि ७५ प्रतिशतसम्म अनुदानको कार्यक्रम रहेकाले सोही अनुसार चालु आर्थिक वर्षको सुरुमा नै कृषि अनुदान प्राप्त गर्न चाहने लाभग्राहीहरूलाई खुल्ला सूचना प्रवाह गरेकाले चार सयभन्दा बढी आवेदन दिएकोमा स्थलगत अनुगमनबाट वास्तविक किसान र कृषि सहकारी तथा समूहहरूलाई आवश्यकतामा आधारित लाभग्राही छनोट गरेको थियो।

छनोट भएकामध्ये ३४ किसानलाई माग आधारित ५० हजारदेखि एक लाख रुपियाँसम्मको कृषि सामग्री तथा कृषि उपकरण औजारमा अनुदान दिएको कृषि ज्ञान केन्द्रका कृषि अधिकृत प्रवीणलाल श्रेष्ठले जानकारी दिए।

श्रेष्ठका अनुसार कृषिमा युवा

❖ बाँकी अन्तिम पृष्ठमा





प्रतिदिन
PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन





सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन्। महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ। आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ। सानातिना समस्यामा अल्झनुपर्नेछ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ। शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर बढ्न सक्छ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। पारिवारिक साथ सहयोग मिल्ने